नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं माघ १५ गते, २०७१ साल (अतिरिक्ताङ्क २९

भाग ५

नेपाल सरकार

अर्थ मन्त्रालयको सूचना

नेपाल सरकार (मा. मन्त्रिस्तर) ले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी नेपाल बाहिर मुद्रा निकासी वा पैठारी गर्ने सम्बन्धमा देहाय वमोजिम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) नेपाली र भारतीय नागरिकले नेपालबाट भारतमा सुन, चाँदी वा मिश्रित चाँदीका नेपाली सिक्का बाहेक अन्य नेपाली र भारतीय सिक्का, करेन्सी नोट र बैंक नोट असीमित मात्रामा लैजान वा पठाउन सक्नेछन् ।

(ख) भारतीय रुपैयाँ पाँच सय र एक हजार दरका नोटहरु प्रति व्यक्ति पच्चीस हजार रुपैयाँसम्म नेपालभित्र ल्याउन वा नेपाल बाहिर लैजान सक्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (ख) मा उल्लिखित हदभन्दा बढी ल्याएका वा लगेको भा.रु. पाँच सय र एक हजार दरका नोट वापतको रकम जफत हुनेछ ।

(घ) नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको बाहेक नेपाली तथा भारतीय मुद्रा अन्य मुलुकमा लैजान वा पठाउन पाइने छैन । त्यस्तै, नेपाली मुद्रा भारत बाहेक अन्य मुलुकबाट ल्याउन पाइने छैन । विदेशी नागरिकको हकमा बैंकले तोकि दिएको सीमाभन्दा बढी विदेशी मुद्रा लैजान वा पठाउन परेमा त्यस्ता व्यक्तिहरुले नेपाल प्रवेश गर्दा आफूसँग ल्याएको नगद विदेशी मुद्राको हकमा त्यस्तो विदेशी मुद्राको रकम भन्सार अधिकृत समक्ष घोषणा र प्रमाणित गरेको हुनु पर्नेछ ।

खण्ड ५०, संख्या ११, मिति २०५७।३।१२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
सुमनप्रसाद शर्मा
नेपाल सरकारको सचिव

1137

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.ह.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।